सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल
Social Protection Civil Society Network
(SPCSN)

सम्पर्क कार्यालय: सानेपा, ललितपुर | सम्पर्क नं: ९८५१३४८८५८
URL: www.**spcsnnepal**.org | Email: **spcsnnepal**@gmail.com

प्रकाशन सहयोग:

With support from Finland's development cooperation | CSSP Child Sensitive Social Protection | Save the Children | WSM We Social Movements

DESIGN: KRISHNA SHRESTHA, 9841280436

# सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धी

## - हाते पुस्तिका २०८१ -



सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल

## सामाजिक सुरक्षा नागरिक समाज सञ्जालमा आवद्ध

# सदस्य संस्थाहरू:

CWISH

COCAP

CSRC

Jagaran Media Center

needs nepal

Shristi

WHR

KIRDARC

REDEF NEPAL

# सहयोगी संस्थाहरू:

Save the Children

WSM We Social Movements

## बाल पोषण भत्तामा भएको

# सुशासनका संयन्त्रहरू:

जनताले तिरेको कर

बजेट विनियोजन

अर्थ मन्त्रालय

७७ जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालय

बैंकिङ्ग कारोबार

लाभग्राही

बजेट वितरण तथा कोषको लेखाजोखा र अनुगमन

राष्ट्रिय परिचयपत्र तथा केन्द्रीय पञ्जीकरण विभाग

७५३ स्थानीय तह

६,७४३ वडा कार्यालय

स्थानीय तहबाट प्राप्त जानकारीका आधारमा लाभग्राहीहरुको नामावली सूचीकृत तथा व्यवस्थापन गर्ने

बैंकिङ्ग कारोबारबाट भुक्तानी हुन नसक्ने लाभग्राहीहरुको लागि वडा कार्यालयबाट वितरण

प्रत्येक वर्ष साउन १ गते देखि कार्तिक मसान्तभित्र नाम नवीकरण गर्नुपर्ने

**चित्त नबुझेमा कहाँ जाने ?**

१. सम्बन्धित वडा कार्यालयमा गई उजुरी दिने

२. सम्बन्धित स्थानीय तह (गाउँपालिका वा नगरपालिका) मा गई उजुरी दिने

३. सम्बन्धित जिल्ला प्रशासनमा गई उजुरी दिने

४. राष्ट्रिय परिचयपत्र तथा केन्द्रीय पञ्जीकरण विभागमा गई उजुरी दिने

# भूमिका

विशेष संरक्षणको आवश्यकता भएका, वहिष्करणमा परेका, असक्त, अपाङ्गता भएका, सीमान्तकृत नागरिकहरुलाई सामाजिक सुरक्षाका विभिन्न कार्यक्रमहरु विकसितदेखि गरीब अर्थतन्त्रसम्म भएका राष्ट्रहरुमा राज्यको दायित्वभित्र राखी कार्यान्वयनमा रहेका छन् । सामाजिक सुरक्षा कार्यक्रमहरुमध्ये नगद हस्तान्तरण कार्यक्रमहरुले विकासशील मुलुकहरुमा लोकप्रिय भइरहेका छन् । हालको समयमा यस विषयमा दातृ निकायहरु, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्था, पत्रकार, नागरिक समाज, निजी क्षेत्रहरु लगायत सबै जागरुक नागरिकहरुको चासो उल्लेख्य रुपमा बढ्न थालेको छ ।

वि.सं. १९९१ सालमा सैनिक द्रव्यकोषबाट सुरुवात भएको सामाजिक सुरक्षाको विषय नेपालमा करिब ९० वर्ष अघिदेखि यस कार्यको थालनी भएको देखिन्छ । नेपाल सरकारले वि.सं. १९९१ मा सैनिक द्रव्यकोषको स्थापना, वि.सं. १९९३ मा निवृत्तिभरणको प्रारम्भ, वि.सं. २००१ निजामती प्रोभिडेन्ट फण्डको स्थापना, वि.सं. २०१३ सालदेखि सुरुवात भएको आवधिक योजनामा सामाजिक कल्याणकारी भावनाका विषय समावेश हुनु, वि.सं. २०१९ मा कर्मचारी सञ्चयकोषको स्थापना, वि.सं. २०४७ नागरिक लगानी कोषको स्थापना, वि.सं. २०५१ मा ज्येष्ठ नागरिक भत्ताको प्रारम्भ तथा आठौं आवधिक योजनामा सामाजिक सुरक्षाको विषयलाई छुट्टै शीर्षकमा समावेश गरी सामाजिक सुरक्षाका विषयलाई विशेष प्राथमिकतामा पारिएको, वि.सं. २०६६ मा सामाजिक सुरक्षा करको प्रारम्भ, वि.सं. २०६७ मा सामाजिक सुरक्षा कोषको स्थापना, वि.सं. २०७४ योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको सुरुवात, वि.स. २०७५ मंसिर ११ मा सामाजिक सुरक्षा योजनाको प्रारम्भ, २०७६ श्रावण १ गतेदेखि लागू गर्ने गरी सुरुवात हुनुले नेपालमा सामाजिक सुरक्षाको विषयले प्राथमिकता पाउन थालेको छ । हाल नेपालमा सामाजिक सुरक्षा भत्ताका स्कीमहरुमा देशको संघीय वार्षिक बजेटको १४.८ प्रतिशत बजेट सामाजिक सुरक्षामा लगानी हुने गरेको छ ।

सरकारले विगत केही दशकदेखि सामाजिक सुरक्षाका कार्यक्रमहरुलाई विशेष प्राथमिकताका साथ अगाडि बढाइरहेको छ । नेपाल सरकारबाट बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, लोपोन्मुख जाति, अपाङ्गता भएका व्यक्तिहरु लगायतका व्यक्ति तथा समूहलाई नगद हस्तान्तरण वा भत्ता प्रदान गर्ने कार्यहरुलाई प्राथमिकताका साथ लागू गरिरहेको छ। त्यसका साथसाथै सबै नागरिकहरुलाई सामाजिक सुरक्षामा समेट्ने गरी योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सामाजिक सुरक्षा कोष मार्फत अघि बढिरहेको छ । यी सामाजिक सुरक्षाका

सेवासुविधाहरूलाई अझ व्यवस्थित, समन्वित, न्यायपूर्ण, उत्तरदायी, पारदर्शी र जवाफदेही बनाउन जरुरी देखिएको छ । यसका लागि सम्बद्ध सबैले नेपाल सरकारलाई सहयोग गर्न आवश्यक छ ।

यसै तथ्यलाई मध्यनजर गर्दै सामाजिक सुरक्षा नागरिक समाज सञ्जालले लक्षित व्यक्ति, समूह, निजी तथा अनौपचारिक क्षेत्रका एवम् सरोकारवाला सबैलाई सरकारको तर्फबाट सञ्चालित सामाजिक सुरक्षाका कार्यक्रमहरु तथा सेवासुविधाहरुमा आम जानकारी पुगोस् भन्ने हेतुले यो हाते पुस्तक प्रकाशित गरेको छ ।

यो पुस्तिकाको चौथो पटकसम्म संसोधन हुने समयमा लेखन तथा पृष्ठपोषणमा योगदान गर्ने ज्ञानेन्द्र कुमार श्रेष्ठ, विश्वरत्न पुन, हेमन्त दङ्गाल, गोपाल नेपाली, पुस्कर काफ्लेको योगदानको प्रशंसा गर्दै संसोधन तथा थप लेखनमा कार्यमा सहयोग पुऱ्याउने कार्यक्रम संयोजक राजेन्द्र चौलागाई, कर्मचारी नारायण पाण्डे, कमला खड्का, तथा पृष्ठ पोषण र लेखन तथा भाषा सम्पादनमा सहयोग पुर्याउने डा.देवकी आचार्य, प्रकाशनमा सहयोग गर्ने संस्था सेभ द चिल्ड्रेन, Ministry for Foreign Affairs of Finland and We Social Movement (WSM) प्रति हार्दिक आभार व्यक्त गर्दै यो पुस्तिका सबै सरोकारवालाको लागि सहयोग बन्ने अपेक्षा राखेका छौं । ■

**तिलोतम पौडेल**
अध्यक्ष,
सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल

# सामाजिक सुरक्षा कार्यक्रम

## १. परिभाषा तथा अवधारणा

जीवन ज्यूनका निम्ति आधारभूत आवश्यकता पूरा गर्न नसक्ने वर्ग, क्षेत्र, अति गरिबी अवस्थामा गुज्रिरहेका, असहाय अवस्थामा रहेका व्यक्ति तथा परिवार, जोखिममा परेका वा जोखिम उन्मुख व्यक्ति, घरपरिवार तथा समुदायलाई अति गरिबी तथा जीवनमा आउन सक्ने सम्भाव्य जोखिमहरूबाट जोगाएर सुरक्षित जीवनको सुनिश्चितता प्रदान गर्ने नीति र कार्यक्रमहरूलाई सामान्यत: सामाजिक सुरक्षा भनिन्छ ।

संयुक्त राष्ट्र संघको सामाजिक विकास अध्ययन केन्द्रका अनुसार सामाजिक सुरक्षाले बेरोजगार, वञ्चितीकरण, बिरामी, अपाङ्गता र ज्येष्ठ नागरिक उमेर समूहमा हुने सामाजिक तथा आर्थिक जोखिम व्यवस्थापन गर्न, उनीहरूको क्षमता अभिवृद्धि गर्न, व्यक्तिहरूको उच्च जोखिम कम गर्न र श्रम बजारको दक्षता अभिवृद्धि गर्न तर्जुमा गरिएको नीति तथा कार्यक्रमहरू समावेश गर्दछ । सामाजिक संरक्षण पद्दति तथा कार्यक्रम राज्य र नागरिकबीचको सम्बन्ध मजबुत गर्ने, प्रकोप तथा विपद् व्यवस्थापन गर्ने, सामाजिक न्याय र समावेशी सुधार गर्ने, समाजका कमजोर व्यक्ति वा समूहका लागि आयको पुनर्वितरण गर्ने माध्यम पनि हो ।

सामाजिक सुरक्षाको विषय आफैमा एक वृहत विषयवस्तु हो । यसका आयामलाई स्पष्टसँग व्याख्या गर्नका लागि कठिन रहेको छ । सामाजिक सुरक्षा भन्ने विषयले सहयोग, संरक्षण, माथि उठ्नका लागि आड भरोसाको आवश्यक परेको जनसमूहलाई उकास्नका लागि उनीहरूको जीवन यापनका लागि आवश्यक पर्ने आधारभूत सेवासुविधा पूर्ति गर्नका निम्ति सामाजिक सुरक्षाको आवश्यकता पर्दछ । सामाजिक सुरक्षाका आयामहरूले मानिसलाई सम्मान पूर्वक जीवन जिउनका निम्ति आडभरोसा प्रदान गर्दछ ।

हाल नेपालमा सामाजिक सुरक्षा एवम् संरक्षणसँग सम्बन्धित कार्यक्रमहरू ११ वटा मन्त्रालय र यस अन्तर्गतका विभागहरू एवम् विभिन्न नामबाट सञ्चालित कोषहरूबाट कार्यान्वयन भएको अवस्था छ । यसरी सञ्चालित कार्यक्रमहरू सेवा सुविधा प्रवाहको दृष्टिकोणले १६ प्रकारका देखिएका छन् भने सञ्चालन भएका स्कीम र सुविधाहरूको संख्या ८७ भन्दा धेरै देखिएको छ । यसमध्ये सामाजिक सहायता सम्बन्धी ५१ वटा, सामाजिक बीमा १७ वटा, योगदानमा आधारित सामाजिक सुरक्षा सम्बन्धी ११ वटा, श्रम बजार र रोजगारी व्यवस्थापन सम्बन्धी ७ वटा, कानुनी सहायता सम्बन्धी एक वटा रहेका

छन् *(एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना २०८०:१४)* । सबैभन्दा धेरै स्कीमहरू श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र गृह मन्त्रालय अन्तर्गत रहेका छन् । नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका सङ्गठनका बहालवाला र सेवा निवृत्त एवम् तिनका परिवारका आश्रित सदस्यहरूको स्वास्थ्य, शिक्षा तथा आर्थिक क्षेत्र लगायत अन्य विविध क्षेत्रहरूका कल्याणकारी कोषमार्फत सहयोग, सहायताहरू र बीमासम्बन्धी कार्यहरू सञ्चालन गरिएका छन् ।

वैदेशिक रोजगारमा गएका तथा वैदेशिक रोजगारीबाट फर्केर आएका कामदार तथा निजको परिवारको सामाजिक सुरक्षा तथा संरक्षण र स्वदेश फिर्ता लगायतका उद्धार कार्यमा वैदेशिक रोजगार कल्याणकारी कोषबाट सहायता प्रदान हुँदै आएको छ । साथै केही स्थानीय तहबाट सुरुवात भएका सुत्केरी स्याहार हार्यक्रम, बालबालिकाको संरक्षण, पशुधन सुरक्षा लगायतका सामाजिक सुरक्षा सम्बन्धी गतिविधिहरूमा लगानी हुँदै आएको छ । यसरी पछिल्ला समयमा विभिन्न स्थानीय तहले सामाजिक कार्य, विपद् व्यवस्थापन कार्य, बालबालिका, युवा, महिला, ज्येष्ठ नागरिकहरूका विषयमा विभिन्न स्कीमहरूमा सहयोगहरू प्रदान गर्ने कार्यहरू गर्दै आइरहेका छन् ।

## २. सामाजिक सुरक्षाको ऐतिहासिक पृष्ठभूमिः

सामाजिक सुरक्षाको विषय सताब्दियौंदेखि सरकारी, गैरसरकारी, निजी र धार्मिक संस्थाहरूले आत्मसात गरी एकीकृत रुपमा सञ्चालन गरेको कार्य हो । औपचारिक रुपमा सामाजिक सुरक्षा कार्यक्रम विश्वमा नै सबभन्दा पहिला जर्मनीले सन् १८८० को दशकदेखि बिरामी कामदारको स्वास्थ्य बिमाबाट, फ्रान्सले सन् १९०५ देखि बेरोजगारी भत्ता व्यवस्थाबाट, बेलायतले सन् १९११ देखि स्वास्थ्य बिमा, बेरोजगारी भत्ता र ज्येष्ठ नागरिकको बिमा वा भत्ता कार्यक्रमबाट र तत्कालीन सोभियत संघले सन् १९२२ देखि बृहत सामाजिक सुरक्षाको व्यवस्था सुरु गरेको पाइन्छ । यसैगरी अमेरिकाले सन् १९३५ मा बेरोजगार, वृद्धवृद्धा र सेवा निवृत्त कर्मचारीका लागि भत्ता वा बिमाको व्यवस्था गरेको देखिएको छ । नेपालमा पनि करिब यसै बेलातिर प्रथम विश्वयुद्धबाट फर्केका घाइते सैनिकको सहयोगको लागि वि.सं. १९९१ मा सैनिक द्रव्यकोषको व्यवस्था गरी वार्षिक एकमुष्ठ रकमको सहयोग गर्ने गरेको पाइन्छ । त्यस बेलादेखि देशको क्षमता अनुसार ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, गर्भवती, निवृत्त कर्मचारी, सीमान्तकृत व्यक्ति तथा समुदायका लागि विविध सेवासुविधा प्रदान गर्ने जस्ता सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई सुधार गर्दै ल्याइएको छ ।

सामाजिक सुरक्षाको विषयलाई संयुक्त राष्ट्र संघ तथा अन्य अन्तर्राष्ट्रिय स्तरका विभिन्न घोषणाहरुले सम्बोधन गरिरहेका छन् । खासगरी संयुक्त राष्ट्र संघको सन् १९४८ को मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा, सन् १९६५ को जातजाति विरुद्धका सबै किसिमका भेदभाव निर्मूलनसम्बन्धी घोषणा, सन् १९६६ को आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी घोषणा, सन् १९७९ को महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव निर्मूलनसम्बन्धी घोषणा, सन् १९८९ को बाल अधिकार सम्बन्धी महासन्धि, सन् २००० को सहस्राब्दी घोषणा, सन् २००६ को अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी घोषणा लगायतका घोषणाहरु छन् । अचेल विश्वका प्राय: सबै देशहरुमा कुनै न कुनै किसिमका सामाजिक सुरक्षाका कार्यक्रमहरु सञ्चालनमा रहेको पाइन्छ ।

## ३. नेपालमा सामाजिक सुरक्षा कार्यक्रम

### क. पृष्ठभूमि:

नेपालमा सामाजिक सुरक्षासम्बन्धी कार्यको थालनी वि.सं. १९९१ तिर प्रथम विश्वयुद्धबाट फर्केका घाइते नेपाली सैनिकहरुलाई वार्षिक एकमुष्ठ रकम उपलब्ध गराउने प्रयाससँगै सुरु भएको देखिन्छ । त्यसपछि वि.सं. १९९८ तिर सेवा निवृत्त सैनिक र त्यसको एक वर्षपछि सेवा निवृत्त सरकारी कर्मचारीलाई निवृत्तिभरण प्रदान गर्ने कार्य सुरु भएको बुझिएको छ । योजनागत रुपमा विशेषगरी छैठौं योजनादेखि खासगरी गरीब र सिमान्तकृत समूहको सवालमा ध्यान दिई आधारभूत आवश्यकतालाई केन्द्रित गरी योजना तर्जुमा गरेको देखिए तापनि २०१३ सालको पहिलो आवधिक योजनादेखि नै सामाजिक कल्याणका कार्यका रुपमा उल्लेख गरी सामाजिक सुरक्षाका विषयलाई हालसम्मका १६ वटा नै योजनामा समावेश गरेको पाइन्छ । आठौं योजनादेखि प्रत्यक्ष रुपमा सामाजिक सुरक्षाको खण्ड नै छुट्याएर व्यवस्था गर्ने गरिएको थियो भने यस भन्दा अगाडिका योजनामा सामाजिक न्यायका कल्याणकारी कार्यसँग जोडेर र छात्रवृत्ति लगायत सहयोगका विभिन्न आयामसँग जोडेर सामाजिक सुरक्षाको प्रत्याभूति राज्यले दिने गरेको थियो ।

अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका तथा गरिबको सवाललाई योजनामा अझ प्राथमिकता दिँदै आठौं योजनामा गैरसरकारी संस्थाहरुलाई समेत विकासको साझेदारको रुपमा स्थापित गरी सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमलाई केही फरक तरिकाबाट अगाडि बढाउने प्रयास गरेको पाइन्छ । हालसम्म आईपुगदा बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला तथा विधवा, लोपोन्मुख तथा सीमान्तकृत, दलित लगायतका नागरिकहरु सामु आर्थिक तथा सामाजिक रुपमा उत्पन्न जोखिम वा कठिनाई व्यवस्थापन गर्न सघाउ पुऱ्याउने हेतूले नेपाल सरकारले सामाजिक सुरक्षा कार्यक्रमलाई निकै सुधार र विस्तार गर्दै आएको छ । यस

कार्यक्रम अन्तर्गत नागरिकका अधिकार र सेवा, सहुलियत वा सुविधा पाउने जस्ता विषयहरु समावेश हुन्छन् ।

सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमहरुलाई लक्षित व्यक्तिको योगदानमा आधारित हुने र नहुने गरी दुई किसिमको व्यवस्था भएको छ । योगदानमूलक प्रकृतिको सामाजिक सुरक्षा कार्यक्रममा लाभग्राहीको प्रत्यक्ष योगदान रहेको हुन्छ र सामाजिक बिमाको रुपमा रहन्छ भने गैर योगदानमूलक प्रकृतिको सामाजिक सुरक्षा कार्यक्रममा लाभग्राहीको योगदान नभई पूर्णत: सरकारी योगदानबाट मात्र सहयोगको रुपमा सञ्चालन हुन्छ । यस प्रकृतिको सामाजिक सुरक्षा कार्यक्रम सरकारले आर्थिक वर्ष २०५१/०५२ देखि वृद्ध भत्ताको व्यवस्थाबाट प्रारम्भ गरेको हो । त्यसपछिका दिनमा योगदान रहीत कार्यक्रम क्रमश: थप हुँदै गएका छन् । हालसम्म विभिन्न व्यक्ति वा समूहहरु यस कार्यक्रमबाट लाभान्वित भएका छन् ।

## ख. नेपालमा सामाजिक सुरक्षाको विषयको विकासक्रम निम्नानुसार रहेको देखिन्छ:

- वि.सं. १९९१: सैनिक द्रव्यकोषको स्थापना
- वि.सं. १९९३ मा निवृत्तिभरणको प्रारम्भ
- वि.सं. १९९८ मा सेवा निवृत्त सैनिकहरुलाई सेवा निवृत्तिभरण प्रदान गर्न थालिएको
- वि.सं. २००१: निजामती प्रोभिडेन्ट फण्डको स्थापना
- वि.सं. २०१३ सालदेखि सुरुवात भएको आवधिक योजनामा सामाजिक कल्याणकारी भावनाका विषय समावेश
- वि.सं. २०१९: कर्मचारी सञ्चयकोषको स्थापना
- वि.सं. २०४७: नागरिक लगानी कोषको स्थापना
- वि.सं. २०५१: ज्येष्ठ नागरिक भत्ताको प्रारम्भ तथा आठौं आवधिक योजनामा सामाजिक सुरक्षाको विषयलाई छुट्टै शीर्षकमा समावेश गरी सामाजिक सुरक्षाका विषयलाई विशेष प्राथमिकताका साथ उल्लेख गरिएको
- वि.सं. २०६६: सामाजिक सुरक्षा करको प्रारम्भ
- वि.सं. २०६७: सामाजिक सुरक्षा कोषको स्थापना
- वि.स. २०७४: योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम
- वि.स. २०७५ मंसिर ११: सामाजिक सुरक्षा योजनाको प्रारम्भ, २०७६ श्रावण १ गतेदेखि लागू ।

## ग. सामाजिक सुरक्षा कार्यक्रमको उद्देश्य:

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत मूलत:

लक्षित लाभकर्तालाई नगद हस्तान्तरण वा भत्ता वितरण गरिने कार्यक्रमको उद्देश्यहरु निम्नानुसार रहेका छन्:

- राज्यको दायित्व, निर्देशक सिद्धान्त र नीति बमोजिम सामाजिक न्याय प्रदान गर्नु,
- ज्येष्ठ नागरिक, एकल महिला तथा विधवा, अपाङ्गता भएका व्यक्ति, दलित तथा लोपोन्मुख जातजाति एवम् बालबालिकाको सामाजिक सुरक्षासम्बन्धी हक, अधिकार संरक्षण गर्नु।
- मानव विकास सूचकांकमा पछि परेका तोकिएको क्षेत्रका र दलित परिवारका बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउनु ।
- समग्रमा सामाजिक न्याय कायम गर्नु, वहिष्करणमा परेका र सीमान्तकृत व्यक्ति तथा समुदायलाई सम्मानित जीवन यापनको आधार निर्माण गर्नु रहेको छ ।

## घ) सामाजिक सुरक्षासम्बन्धी संवैधानिक र कानुनी व्यवस्था :

नेपालमा बालबालिका, एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लोपोन्मुख जातजाति, शहिदको परिवार, द्वन्द्व प्रभावित परिवार लगायत गरिब र सीमान्तकृत परिवार तथा समुदायका विशेष संरक्षण र सहयोगको आवश्यकता पर्ने व्यक्तिहरुका लागि राज्यबाट नगद हस्तान्तरण, यसै गरी हाल योगदानमा आधारित सामाजिक सुरक्षाका विषयहरु पनि समेटिन सुरुवात गरेको छ । योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ को अनुसूची २ बमोजिमको ढाँचामा कोषको कार्यालय वा कोषले तोकेको निकाय, कार्यालय वा कोषको अनलाईन मार्फत योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा समेत सूचीकृत हुने लगायत अन्य सेवासुविधा सहितको सामाजिक सुरक्षा पाउने अधिकारको व्यवस्था भएको छ । नेपालमा पनि संविधानले सामाजिक सुरक्षाको विषयलाई मानव अधिकारको रुपमा स्थापित गरेको छ ।

### संवैधानिक व्यवस्था:

नेपालको संविधान (२०७२) को धारा ४२ ले सामाजिक न्यायको हक अन्तर्गत उपधारा (२) मा आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ भनी उल्लेख भएको छ । साथै धारा ४३ मा सामाजिक सुरक्षाको हक अन्तर्गत आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैंले गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हकको व्यवस्था भएको छ । मर्यादित श्रमको अवधारणा अनुरुप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने तथा सामाजिक

सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता दिने राज्यको नीति रहेको छ । यसबाट संरक्षणको विशेष आवश्यकता भएका नागरिक तथा बालबालिकाको सामाजिक सुरक्षासम्बन्धी सेवासुविधा पाउने अधिकार सुनिश्चित हुने दिशातिर सरकार अग्रसर रहेको छ ।

## कानूनी व्यवस्था:

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी (दोस्रो संशोधन) ऐन, २०७६ को दफा ३२ मा सामाजिक सुरक्षा अन्तर्गत नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई समाजमा स्वतन्त्र र स्वावलम्बनपूर्वक जीवनयापन गर्न सक्ने गरी सक्षम बनाउन अपाङ्गता भएका व्यक्तिको योगदान रहने गरी वा तोकिएको अवस्थामा नि:शुल्क रुपमा तोकिएका सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनमा ल्याउने व्यवस्था छ ।

यस पुस्तिकामा योगदानमा आधारित हुने तथा नहुने दुबै प्रकारका सामाजिक सुरक्षा कार्यक्रमबाट ऐनमा व्यवस्था भए अनुसार प्रदान गरिने नगद हस्तान्तरण तथा भत्ता वितरण कार्यक्रम समावेश गरिएको छ । यसैगरी राज्यको तर्फबाट कुनै पनि व्यक्ति, समूह वा व्यवसायीलाई सामाजिक सुरक्षा अन्तर्गतको मासिक वा एकमुष्ठ भत्ताबाहेकका सेवा, सुविधा वा सहयोग समेत यस पुस्तिकामा समावेश गरिएको छ । सामाजिक संरक्षण लगायत सामाजिक सुरक्षा कार्यहरु मूलत: निम्नानुसारका ऐनहरू तथा नियमावलीहरूमा प्रत्यक्ष तथा परोक्ष रूपमा समावेश गरिएको देखिन्छ :

- स्थानीय स्वायत्त शासन ऐन, २०५५ अन्तर्गत सामाजिक सुरक्षा कार्यक्रम (सञ्चालन कार्यविधि) २०६५
- निजामती सेवा ऐन, २०४९ र यसको नियमावली २०५०
- समाज कल्याण ऐन २०४९ र २०६३
- ट्रेड युनियन ऐन, २०४९
- बालश्रम (नियमित र निषेधित गर्ने) ऐन, २०५६
- वैदेशिक रोजगार ऐन, २०६४
- योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४
- श्रम ऐन, २०७४
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५
- रोजगारीको हकसम्बन्धी ऐन, २०७५
- बालबालिकासम्बन्धी ऐन, २०७५
- अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५

• सामाजिक सुरक्षा ऐन, २०७५: लक्षित व्यक्ति, परिवार तथा समुदायको योगदानमा आधारित नहुने सामाजिक सुरक्षा कार्यक्रमसँग सम्बन्धित मुख्य ऐनको रूपमा सामाजिक सुरक्षा ऐन, २०७५ लाई लिन सकिन्छ । यस ऐनमा सामाजिक सुरक्षा भत्ताका विभिन्न प्रावधानहरू रहेका छन् ।

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७

• सामाजिक सुरक्षा (पहिलो संशोधन) ऐन, २०७९

• एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८०

• विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१

## नेपालले अनुमोदन गरेका सामाजिक सुरक्षा सम्बद्ध मूख्य अन्तर्राष्ट्रिय महासन्धिहरू:

- बाल अधिकार सम्बन्धी महासन्धि, १९८९
- महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, १९७९
- अपाङ्गता भएका व्यक्तिहरूका अधिकार सम्बन्धी महासन्धि ऐच्छिक आलेख, २००६
- अन्तर्राष्ट्रिय श्रम सङ्गठन सम्बद्ध महासन्धि/अभिसन्धिहरू
- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६
- आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६

## ङ) नेपालमा दिगो विकास लक्ष्यमा सामाजिक सुरक्षासम्बन्धी सूचकहरू:

| क्र.सं. | सूचक | कानुनी व्यवस्था |
|---|---|---|
| लक्ष्य १ | सबै प्रकारको गरिबी अन्त्य गर्ने | नेपालको संविधानमा मौलिक हक र राज्यका नीतिहरूको प्रावधानहरू:<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४<br>• आवासको अधिकार सम्बन्धी ऐन, २०७५ |
| गन्तव्यः १.३ | गरिबी र जोखिमपूर्ण स्थितिमा रहेका मानिसहरूको सामना गर्ने क्षमताको निर्माण गर्ने र वातावरणसँग सम्बन्धित विपद्जन्य प्रकोप तथा अन्य आर्थिक, सामाजिक र वातावरणीय असर तथा विपद्सँगाको उनीहरूको संसर्गलाई न्यून गर्ने हटाउने । | |
| लक्ष्य ३ | स्वास्थ्य जीवन सुनिश्चित गर्ने र सबै उमेरका सबै मानिसको हितको प्रवर्द्धन गर्ने । | • जनस्वास्थ्य सेवा ऐन, २०७५<br>• सामाजिक सुरक्षा ऐन, २०७५<br>• योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ (संसोधन २०७५)<br>• ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ (पहिलो संसोधन २०७९)<br>• अपाङ्ता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४<br>• बालबालिका सम्बन्धी ऐन, २०७५<br>• उपभोक्ता हित संरक्षण ऐन, २०७५<br>• निवृत्तिभरण कोष ऐन, २०७५<br>• कर्मचारी सञ्चय कोष ऐन, २०१९<br>• नागरिक लगानी कोष ऐन, २०७५ |
| लक्ष्य ५ | समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने । | अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ |

## ङ) नेपालमा दिगो विकास लक्ष्यमा सामाजिक सुरक्षासम्बन्धी सूचकहरू:

| क्र.सं. | सूचक | कानुनी व्यवस्था |
|---|---|---|
| लक्ष्य ५ सम्बन्धी | लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीहरूको सशक्तिकरण गर्ने । | • अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५<br>• घरेलु हिंसा (सजाय र कसूर) ऐन, २०६६<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४<br>• मुलुकी अपराध संहिता, २०७४<br>• राष्ट्रिय महिला आयोग ऐन, २०७४<br>• सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५<br>• जनस्वास्थ्य सेवा ऐन, २०७५<br>• कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१<br>• बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२ |
| लक्ष्य ८ | सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, रोजगारी तथा मर्यादित कामको प्रवर्द्धन गर्ने । | • श्रम ऐन, २०७४<br>• निजामती सेवा ऐन, २०४९<br>• रोजगारीको हक सम्बन्धी ऐन, २०७५ |
| लक्ष्य १० | देशभित्रै वा देशहरूबीच रहेको असमानतालाई न्यून गर्ने । | • योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४<br>• जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८ |
| लक्ष्य १६ | न्यायपूर्ण, शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने । | संविधानको प्रस्तावना, मौलिक हक र राज्यका नीतिहरू |

## च) सोह्रौं योजनामा सामाजिक सुरक्षा :

नेपालमा २०१३ सालदेखि सुरुवात भएको आवधिक योजनाका क्रम हाल सोह्रौं योजनमा चल्दै छ । यस योजनाको दीर्घकालीन सोच नै दीर्घकालीन रणनीतिको माध्यमबाट सबै प्रकारका विभेद, बहिष्करण एवम् वञ्चितीकरणका अवशेष र विकासका अबरोध समाप्त गरी समाजवाद उन्मुख समृद्ध अर्थव्यवस्था निर्माण गर्न र संविधानले अङ्गीकार गरेका विकास केन्द्रित सोचलाई आवधिक योजनामा आन्तरिकीकरण गर्न नेपाल सरकारले २५ वर्षे दीर्घकालनीन सोच (२०७६-२१००) अगाडि सारेको छ, यसको सोच नै समृद्ध नेपाल, सुखी नेपालीको परिकल्पना हो । समुन्नत, स्वाधीन र सामाजवाद उन्मुख अर्थतन्त्रसहितको समान अवसर प्राप्त, स्वास्थ्य, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक निर्माण गर्नु रहेको छ । यस योजनाले सामाजिक सुरक्षाका छरिएका कार्यक्रम, बढ्दो दायित्व, कमजोर व्यवस्थापन र न्यून सुरक्षा अनुभूतिको चुनौती रहेको उल्लेख गरिएको छ । सोह्रौं योजनाको सोच नै "सुशासन, सामाजिक न्याय र समृद्धि" रहेको छ भने सुशासन मार्फत नै सामाजिक न्याय र समृद्धि हासिल गर्न सकिन्छ भन्ने रहेको छ ।

सोह्रौं योजनाको उद्देश्य स्वास्थ्य, शिक्षा, रोजगारी, आवास, सुरक्षा तथा सार्वजनिक सेवा प्रवाहमा सामाजिक न्याय स्थापित गर्नु रहेको छ भने यसका संरचनात्मक रूपान्तरणका प्रमुख क्षेत्रमा दिगो सामाजिक सुरक्षा, स्वास्थ, शिक्षित र सिपयुक्त मानव पूँजी निर्माण, सामाजिक न्याय तथा समावेशी समाज निर्माण गर्नु रहेको छ । यसका परिमाणात्मक लक्ष्यमा सामाजिक न्याय र समृद्धिको सोचअनुसार आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या ३२ बाट ६० प्रतिशत पुऱ्याउने, गरिबीको रेखामुनि रहेको जनसङ्ख्य (निरपेक्ष गरिबी) २०.३ बाट घटाएर १२.० मा पुऱ्याउने रहेको छ ।

छरिएर रहेका सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई एकीकृत गरी एकीकृत सामाजिक सुरक्षा संरचनाको कार्यान्वयन तथा दिगोपना प्रवर्धन; उत्पादनशील सामाजिक सुरक्षामा पहुँच बढाउदै दोहोरोपन हटाउने र उत्थानशील बनाउने; आर्थिक रूपले सक्षम व्यक्तिहरुले सामाजिक सुरक्षा भत्ता र निवृत्तिभरण स्वेच्छिक रूपमा त्याग गर्नको लागि प्रोत्साहन गर्ने; आधारभूत स्तरको सामाजिक सुरक्षाको प्रत्याभूति राज्यबाट हुने गरी सबै योगदानमा आधारित सामाजिक सुरक्षा योजनाहरुलाई योगदानकर्ता-मैत्री बनाउँदै सामाजिक सहायतामा आधारित सामाजिक सुरक्षालाई योगदान तथा आवश्यकतामा आधारित सुरक्षामा रूपान्तरण गर्ने; सामाजिक सुरक्षा कोषको लगानी उच्च प्रतिफलयुक्त क्षेत्रमा परिचालन तथा प्रवर्द्धन गर्ने; सबै क्षेत्रमा कार्यरत श्रमिकहरुको आबद्धतामा विस्तार, वैदेशिक रोजगारी र विदेशमा स्वरोजगारमा रहेका व्यक्ति एवम् अनौपचारिक क्षेत्र तथा स्वरोजगारमा रहेका श्रमिकहरुको सामाजिक सुरक्षामा आवद्धता र निरन्तरता दिने; सुरक्षा योजनाका सुविधाको स्तरवृद्धि गर्ने; औपचारिक क्षेत्र भित्र रहेको अनौपचारिक रोजगारीलाई सामाजिक

सुरक्षाको क्षेत्रमा आबद्ध गर्ने; विपन्न तथा बेरोजगार नागरिकलाई रोजगारी सिर्जनासम्बन्धी विशेष कार्यक्रम र बेरोजगारका लागि सक्षमता हासिल गर्न सीप तथा उद्यमशीलता विकाससम्बन्धी विशेष कार्यक्रम सञ्चालन गर्ने ।

छ) जीवन चक्रमा आधारित सामाजिक सुरक्षा कार्यक्रम: नागरिकको जीवन चक्रमा आईपर्ने जोखिम व्यवस्थापन, श्रमिकको आत्मबल र जोखिम वहन गर्ने क्षमता अभिवृद्धि, श्रम शक्तिको माग र आपूर्ति बीचको सन्तुलन कायम गर्ने; स्वास्थ्य, शिक्षा, रोजगारी, आवास तथा हेरचाह जस्ता आधारभूत आवश्यकता परिपूर्तिका लागि बीमा तथा जीवन चक्रमा आधारित एकीकृत सामाजिक सुरक्षा प्रणालीको विकास र कार्यान्वयन गर्ने ।

## परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | छोटो अवधिको रोजगारउन्मुख व्यावसायिक सीपमूलक तालिम लिने जनसङ्ख्या | हजारमा | १९.६ | ८५ |
| २. | सामाजिक सुरक्षा योजनामा समावेश हुने प्रतिष्ठान तथा रोजगारदाताको सङ्ख्या | हजारमा | १८ | ६० |
| ३. | सामाजिक सुरक्षा कोषमा आबद्ध लाभग्राहीको सङ्ख्या | हजारमा | ६५० | २५०० |
| ४. | आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र स्थापना र व्यवस्थापन | सङ्ख्या | ४२ | ९४ |
| ५. | सूचीकृत बेरोजगारमध्ये रोजगार सहायता कार्यक्रमबाट रोजगारी पाउने व्यक्ति (वार्षिक) | हजारमा | ९१.६ | २०० |
| ६. | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या | प्रतिशत | ३२ | ६० |
| ७. | पुन:एकीकरण कार्यक्रमबाट लाभान्वित हुने व्यक्तिको संख्या (वार्षिक) | हजारमा | - | १०० |
| ८. | बेरोजगारी दर | प्रतिशत | ११.४ | ५ |

स्रोत: सोह्रौं योजना ।

## ४) हाल कार्यान्वयनमा रहेका सामाजिक सुरक्षा (Social Protection) सम्बन्धी कार्यक्रमका प्रकारहरू:

हाल सङ्घीयस्तरका विभिन्न मन्त्रालय तथा निकायहरूबाट ८७ भन्दा धेरै सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालित छन् । प्रदेश सरकार र स्थानीय तहबाट सङ्घीय सरकारले सञ्चालन गरेका सामाजिक सुरक्षाका विभिन्न कार्यक्रमहरूमा सेवा सुविधा थप गर्ने र नयाँ कार्यक्रमहरू पनि सञ्चालन गर्न थालिएको छ ।

### सामाजिक सुरक्षाका प्रकारहरू:

- सामाजिक सहायता: ५१ कार्यक्रम
- सामाजिक बीमा: १७ कार्यक्रम
- योगदानमा आधारित सामाजिक सुरक्षा: ११ कार्यक्रम
- श्रम बजार र रोजगारी व्यवस्थापन: ६ कार्यक्रम
- कानुनी सहायता: एक कार्यक्रम

*(स्रोत: एकीकृत सामाजिक सुरक्षा संरचना, २०८०:१५)*

### नेपालमा विद्यमान सामाजिक सुरक्षा कार्यक्रमका प्रकारहरू:

क. जीवनयापनका लागि सहायता र सामाजिक कल्याणका कार्यक्रमहरू

१. ज्येष्ठ नागरिक भत्ता
२. एकल महिला भत्ता
३. अपाङ्गता भत्ता
४. लोपोन्मुख आदिवासी जनजाति भत्ता
५. बालपोषण भत्ता
६. दलित विद्यार्थी छात्रवृत्ति
७. बालिका छात्रवृत्ति
८. अपाङ्गता छात्रवृत्ति
९. विपन्न छात्रवृत्ति
१०. सीमान्तकृत तथा लोपोन्मुख छात्रवृत्ति
११. सडक बालबालिका तथा बालश्रमिक छात्रवृत्ति
१२. सहिदका छोराछोरीका लागि छात्रवृत्ति
१३. मुक्त कमलरी छात्रवृत्ति
१४. हिमाली आवासीय छात्रवृत्ति
१५. अन्य छात्रवृत्ति
१६. विद्यालय खाजा कार्यक्रम
१७. नि:शुल्क आधारभूत र माध्यमिक शिक्षा
१८. नि:शुल्क उच्च शिक्षा
१९. ज्येष्ठ नागरिक यातायात सहुलियत
२०. समाजकल्याण कार्यक्रम (सेफ हाउस, अनाथालय, वृद्धाश्रम आदि सञ्चालन)
२१. बालकल्याण सहयोग
२२. दिवा शिशु स्याहार केन्द्र
२२. अपाङ्गता भएका व्यक्तिका लागि नि:शुल्क सहायक सामग्री वितरण कार्यक्रम
२४. खाद्यान्न ढुवानी अनुदान
२५. कुष्ठरोग नियन्त्रण
२६. सुरक्षित नागरिक आवाज कार्यक्रम
२७. जनता आवास कार्यक्रम
२८. मुक्त हलिया अनुदान
२९. जग्गा स्वामित्व प्राप्तिमा छुट
३०. नि:शुल्क कानुनी सहायता
३१. काजक्रिया खर्च (कर्मचारी सञ्चयकोषबाट)
३२. बृद्धावस्था संरक्षण
३३. मातृत्व सुरक्षा योजना
३४. आश्रित परिवार सुरक्षा

३५. कल्याणकारी कोषको कार्यक्रम

*(सैनिक, प्रहरी, सशस्त्र प्रहरी बल)*

३६. निजी आवास पुनर्निर्माण अनुदान

*(राष्ट्रिय पुनर्निर्माण प्राधीकरण)*

यात्रामा वा यातायातमा विद्यार्थी परिचयपत्रका आधारमा भाडामा छुट सविधा (४५ प्रतिशत), अपाङ्गता भएका नागरिकका लागि यातायात सहुलीयत, नि:शुल्क पाठ्यपुस्तक वितरण

ख. उत्पादन तथा रोजगारी वृद्धि लक्षित कार्यक्रम

१. विशेष कृषि उत्पादन कार्यक्रम

२. बाली तथा पशुपन्छी बिमा

३. बर्डफ्लु क्षतिपूर्ति वितरण

४. कृषि क्षेत्र विपद् व्यवस्थापन कार्यक्रम

५. उखु उत्पादन किसान अनुदान

६. व्याज अनुदान

७. जडिबुटी खेती प्रविधि तथा उद्यम विकास अनुदान

८. वैदेशिक रोजगारका क्रममा मृत्यु भएकाको परिवारलाई आर्थिक सहायता

९. वैदेशिक रोजगारका क्रममा अङ्गभङ्ग भएका र गम्भीर बिरामी भएका कामदारलाई दिइने आर्थिक सहायता

१०. वैदेशिक रोजगार छात्रवृत्ति (वैदेशिक रोजगारीको क्रममा मृत्यु/अङ्गभङ्ग भएकाका सन्ततिलाई दिइने)

११. सशस्त्र द्वन्द्वबाट घाइते, अङ्गभङ्ग, अपाङ्गता भएका व्यक्ति वा मृतकका परिवारलाई क्षतिपूर्ति र भरणपोषण

१२. प्रधानमन्त्री रोजगार कार्यक्रम

१३. युवा स्वरोजगार कोष

*(स्रोत: एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना? २०८०)*

वैदेशिक रोजगारबाट फर्किएकाहरुको पुन:एकीकरण कार्यक्रम

ग. विपद् जोखिम प्रतिकार्य तथा स्वास्थ्य सेवा लक्षित कार्यक्रम

१. विपद् वा प्रकोपबाट मृत्यु हुनेका परिवारका लागि राहत तथा उद्धार

२. विपद् वा प्रकोपको समयमा तत्काल राहत कार्यक्रम

३. विपद्को कारण घर पुर्णक्षति भएका परिवारलाई राहत

४. शीतलहर प्रभावित परिवारलाई राहत

५. राहत तथा पुर्नस्थापना कार्यक्रम

६. स्यानिटरी प्याड वितरण

७. आमा सुरक्षा कार्यक्रम

८. प्रसुति पूर्वको सेवा

९. सुत्केरी विदा

१०. आमा र बच्चा पोषण परिपूरण कार्यक्रम

११. एड्स तथा यौनरोग नियन्त्रण

१२. कुष्ठरोग नियन्त्रण कार्यक्रम

१३. सरुवा रोगहरुको नि:शुल्क उपचार

१४. विपन्न स्वास्थ्य उपचार कार्यक्रम

१५. नि:शुल्क जाँच तथा उपचार

१६. ज्येष्ठ नागरिक स्वास्थ्य उपचार

१७. पाठेघरको मुखको क्यान्सर जाँच

१८. रेबिज विरुद्धको खोप

१९. सर्पदंशको उपचार

२०. आङ् खस्ने रोगको उपचार

२१. नि:शुल्क खोप सेवा

२२. नि:शुल्क आधारभूत स्वास्थ्य सेवा

२३. ज्येष्ठ नागरिक स्वास्थ्य उपचार

२४. राष्ट्रपति महिला उत्थान कार्यक्रम/हवाइ उद्धार सेवा

२५. उपचार खर्च *(कर्मचारी सञ्चय कोषबाट)*

२६. सुत्केरी तथा शिशु हेरचाह *(कर्मचारी सञ्चय कोषबाट)*

२७. घातक रोग उपचार खर्च
*(कर्मचारी सञ्चय कोषबाट)*

२८. औषधि उपचार तथा स्वास्थ्य सुरक्षा योजना

२९. दुर्घटना तथा अशक्तता सुरक्षा

*(स्रोत: एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८०)*

घ. सम्भावित जोखिम बहन गर्ने क्षमता अभिवृद्धिका लागि बिमा र योगदानमूलक कार्यक्रम ।

१. निवृत्तिभरण

२. उपदान

३. योगदानमा आधारित निवृत्तिभरण कोष

४. स्वास्थ्य बीमा बोर्डको कार्यक्रम

५. नि:शुल्क स्वास्थ्य बिमा

६. यातायातमा तेस्रो पक्षीय दुर्घटना बिमा

७. महामारी तथा प्रकोपजन्य विशेष बिमा *(कोरोना बिमा)*

८. कर्मचारी सञ्चय कोष

९. श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम

## ५. हाल वितरणमा रहेको सामाजिक सुरक्षा भत्ताको मासिक दर

| क्र.सं. | लाभान्वित वर्ग | भत्ता प्राप्त गर्न योग्य उमेर र अवस्था | मासिक रकम (रू.) |
|---|---|---|---|
| १. | ज्येष्ठ नागरिक | ६८ वर्ष उमेर पुगेको | ४००० ।- |
| २. | अन्य ज्येष्ठ नागरिक | ६० वर्ष उमेर पुगेका साविक कर्णालीका जिल्लाहरुका नागरिक र देशभरीका दलित नागरिक | २६६० ।- |
| ३. | एकल महिला | विवाह नगरी बसेका ६० वर्ष उमेर पुगेका महिला, सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण गरी बसेका ६० वर्ष उमेर पुगेका र पतिको मृत्यु भएका ६० वर्ष उमेर पुगेका | २६६० |
| ४. | विधवा | पतिको मृत्यु भएका जुनसुकै उमेरका | २६६० ।- |
| ५. | पूर्ण अपाङ्गता भएका | सम्बन्धित निकायबाट क वर्ग अर्थात् रातो रंगको अपाङ्गता परिचय पत्र प्राप्त गरेका जुनसुकै उमेरका नागरिकहरु | ३९९० ।- |

| क्र.सं. | लाभान्वित वर्ग | भत्ता प्राप्त गर्न योग्य उमेर र अवस्था | मासिक रकम (रु.) |
|---|---|---|---|
| ६. | अति अशक्त अपाङ्गता | सम्बन्धित निकायबाट ख वर्ग अर्थात नीलो रंगको अपाङ्गता परिचय पत्र प्राप्त गरेका जुनसुकै उमेरका नागरिक | २१२८ |
| ७. | लोपोन्मुख आदिवासी/ जनजाति | कुसुन्डा, बनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे र कुसवडिया, पत्थरका, सिलकट, कुशवधिया, कुचबधिया | ३९९० ।- |
| ८. | बालबालिका | नेपाल सरकारले तोकेका क्षेत्र तथा जिल्ला र देशभरिका दलित परिवारका पाँच वर्ष उमेर ननाघेका एक आमाबाट जन्मिएका बढीमा दुई सन्तानलाई | ५३२ ।- |

बालबालिका (देशभरका तोकिएका क्षेत्रका तथा दलित परिवारका एउटै आमाका दुई जना ५ वर्ष मुनिका) रु.५३२।- (मुगु, जुम्ला, हुम्ला, डोल्पा, कालिकोट, जाजरकोट, अछाम, सिराहा, सर्लाही, महोत्तरी, रौतहट, डोटी, बझाङ, बाजुरा, रसुवा, धनुषा, सप्तरी, बारा, देलेख, रुकुम पश्चिम, रुकुम पूर्व, सल्यान, कपिलवस्तु, रोल्पा, बैतडी २५ जिल्ला र दलित समुदायका देशभरका ५ वर्ष मुनिका बालबालिकालाई (प्रति आमा दुई जना) पोषण भत्ता मासिक पाँच सय बत्तिस रुपैयाँ (रु.५३२) प्रदान गर्ने गरिएको ।

नेपाल सरकारका विभिन्न तहबाट गरिएको सामाजिक सुरक्षाका व्यवस्थाहरु सँगसँगै विभिन्न विकास साझेदार संस्थाहरु, नागरिक संघसंस्थाहरु, निजी क्षेत्र लगायतले सामाजिक सहयोग, सामाजिक बीमा, सामाजिक सुरक्षा, जीविकोपार्जन, सामाजिक रेखदेख वा स्याहार, जोखिमबाट सुरक्षा, रोजगारी तथा श्रम र योगदानमूलक कार्यक्रमहरुको रुपमा विषयगत मन्त्रालय र निकायहरुबाट सञ्चालित छन् ।

सरकारी, गैरसरकारी, समुदायिक एवम् अन्य औपचारिक क्षेत्रमा सञ्चालित कार्यक्रमहरु देहायको विषयक्षेत्रसँग सम्बन्धित रहेका छन्:

- कृषि (बीमा), खाद्य तथा पोषण र सुरक्षित नागरिक आवास
- स्वास्थ्य सेवा (विपन्न नागरिक औषधि उपचार, आमा सुरक्षा कार्यक्रम आदि)
- छात्रवृत्ति, शिक्षा तथा प्राविधिक सीप विकास
- समाज कल्याणसँग सरोकार राख्ने कार्यक्रमहरु
- श्रम बजार हस्तक्षेपका कार्यक्रमहरु
- विपद् व्यवस्थापन र जोखिम न्यूनीकरण (उद्दार, राहत र पुनर्स्थापना)

• निवृत्तिभरण, उपदान, सञ्चय कोष, लगायत सामाजिक बीमा
• सामाजिक सुरक्षा कोषका कार्यक्रमहरू
• संरक्षण गृह, बृद्धाश्रम, बालगृह आदि

तर ठूलो हिस्साको रूपमा रहेको अनौपचारिक क्षेत्र राष्ट्रिय अर्थतन्त्रको दायरामा पूर्णरूपमा आउन नसकेको हुँदा देहायका कार्यहरूमा संलग्न व्यक्ति, कामदार एवम् श्रमिकहरूको लागि हालसम्म सामाजिक सुरक्षाको प्रबन्ध हुन सकेको छैन:

• कृषि तथा कृषि सम्बद्ध व्यवसायका स्वरोजगार व्यक्तिहरू
• गैरव्यावसायिक पशुपालन, माहुरीपालन, दुग्ध उत्पादन जस्ता क्षेत्रमा कार्यरत व्यक्तिहरू
• दैनिक ज्यालादारीमा काम गर्ने कामदारहरू
• सडक तथा फुटपाथमा व्यापार गर्ने व्यक्तिहरू
• धातु तथा काष्ठजन्य शील्पकला सम्बन्धी कामदारहरू
• होटेल, रेष्टुरेन्ट, पार्टीप्यालेस, मनोरञ्जनका क्षेत्रमा कार्यरत व्यक्तिहरू
• सिकर्मी, डकर्मी तथा खानीजन्य निर्माणमा संलगन व्यक्तिहरू
• सार्जजनिक सवारी सञ्चालनमा संलगन व्यक्तिहरू/श्रमिकहरू
• घरेलु श्रमिकहरू
• अनौपचारिक क्षेत्रका अन्य श्रमिकहरू

## ६. सामाजिक सुरक्षा भत्ता वितरणसम्बन्धी अन्य व्यवस्था:

नेपाल सरकारले हाल प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिहरू

क) ज्येष्ठ नागरिक (दलित र एकल महिला साठी वर्ष उमेर पूरा गरेपछि र अन्य ज्येष्ठ नागरिकले अठ्सठ्ठी वर्ष उमेर पूरा गरेपछि)

ख) आर्थिक रुपले विपन्न (आर्थिक रुपले विपन्न भनि प्रमाणित भएका व्यक्ति)

ग) अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति

घ) असहाय एकल महिला (क) विधवा एकल महिला, ख) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको भन्दा न्यून आय भएका र पालनपोषण तथा हेरचाह गर्ने परिवारको कनै सदस्य नभएका वा त्यस्तो सदस्य भए पनि आर्थिक रुपले विपन्न अवस्थामा रहेका वा त्यस्तो सदस्यले पालनपोषण नगरेका अन्य एकल महिला)

ङ) अपाङ्गता भएका, (पूर्ण अशक्त अपाङ्गता वा अति अशक्त अपाङ्गताको परिचयपत्र पाएका व्यक्ति)

च) बालबालिका (बालपोषण भत्ता, अति विपन्न, लोपोन्मुख र नेपाल सरकारले तोकेका पाँच वर्ष उमेर पूरा नगरको बालबालिकाको लागि पोषण भत्ता)

छ) आफ्नो हेरचाह आफैं गर्न नसक्ने

ज) लोपोन्मुख जाति (कुसुन्डा, राउटे, हायु, किसान, मेचे, बनकरिया, सुरेल, राजी, लोप्चा, कुसवाडिया, सिलकट, कसबधिया र कुचबधिया)

## क) लाभग्राहीको नाम दर्ता र नवीकरण

क) नाम दर्ताका लागि निवेदन : (१) ऐन बमोजिम भत्ता पाउन योग्य र इच्छुक नेपाली नागरिकले सामाजिक सुरक्षा भत्ताको लाभग्राहीको रूपमा सूचीकृत हुनका लागि सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा निम्नानुसारका कागजात

सहित निवेदन दिनु पर्नेछ :
क) आफ्नो हेरचाह आफै गर्न नसक्ने व्यक्तिको हकमा ऐनको दफा २ को खण्ड (ङ) बमोजिम नेपाल मेडिकल काउन्सिलबाट स्वीकृति प्राप्त चिकित्सकबाट प्रमाणित कागजात,
ख) एकल महिला भत्ता प्राप्त गर्नको लागि पति बेपत्ता भएका महिलाको हकमा प्रचलित कानुन बमोजिम मृत्युको न्यायिक घोषणा भएको प्रमाण,
ग) बसाइँ सरी आएको भए साविक स्थानीय तहमा रहेको प्रणालीको लाभग्राही सूचीबाट लगत कट्टा गरी अनुसूची-१ बमोजिमको बसाइँ सराइ गर्नेको लगत स्थानान्तरण फाराम र बसाइँ सराई गरेको प्रमाण-पत्र ।

## ख) परिचयपत्र

सामाजिक सुरक्षा ऐन बमोजिम सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिलाई सम्बन्धित वडा कार्यालयले तोकिएको ढाँचामा परिचयपत्र दिन्छ । बालबालिकाको हकमा परिचयपत्रमा संरक्षक, माथवर वा स्याहार गर्ने व्यक्तिको परिचय समेत खुलाउनु पर्नेछ ।
अपाङ्गतासम्बन्धी परिचयपत्र प्रत्येक वर्ष स्थानीय तहले पुनरावलोकन गरी अभिलेख अद्यावधिक गर्छ । तोकिएको सामाजिक सुरक्षा भत्ताको परिचयपत्र नलिएको नागरिकले सामाजिक सुरक्षा भत्ता पाउँदैन । सामाजिक सुरक्षाको भत्ता पाईरहेका लाभग्राहीले प्रत्येक वर्ष सम्बन्धित पालिकामा आफ्नो नाम नवीकरण गर्नुपर्छ ।

परिचयपत्रको नवीकरण: (क) सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले चालु आ.व.मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनुसूची २ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयमा नवीकरणको लागि निवेदन दिनु पर्नेछ र स्थानीय तहले प्रत्येक आर्थिक वर्षको लागि भाद्र मसान्तभित्र नियमावलीको नियम ९ बमोजिम लाभग्राहीको नवीकरणको अभिलेख अनिवार्य रूपमा प्रणालीमा अद्यावधिक गर्नुपर्नेछ ।

## ग) सामाजिक सुरक्षा भत्ता पाउनका लागि निवेदन दिनु पर्नेः

(१) सामाजिक सुरक्षा भत्ता पाउने उमेर वा योग्यता पुगेका व्यक्तिले सामाजिक सुरक्षा भत्ता पाउनको लागि सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ तर आफैंले निवेदन दिन नसक्ने व्यक्तिको हकमा निजको संरक्षक, माथवर वा स्याहारसुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछ ।
(२) बालबालिकाले पाउने सामाजिक सुरक्षा भत्ताको लागि निवेदन दिँदा जन्मदर्ता गरेको अभिलेखको प्रमाण समेत पेश गर्नु पर्नेछ ।
(३) सम्बन्धित वडा कार्यालयले निवेदन प्राप्त भएको ७ दिनभित्र आवश्यक कारबाही गरी निर्णय गर्नु पर्नेछ ।
(४) सम्बन्धित स्थानीय तहले प्राप्त भएको निवेदन छानविन गर्दा सामाजिक सुरक्षा भत्ता पाउने नदेखिएमा कारण खुलाई सोको लिखित जानकारी निवेदकलाई दिनु पर्नेछ ।
(५) सामाजिक सुरक्षा भत्ता पाउनका लागि दिने निवेदनको ढाँचा तथा संलग्न गर्नुपर्ने कागजातको जानकारी सम्बन्धित वडा कार्यालयबाट पाइन्छ ।

(६) सामाजिक सुरक्षा भत्ता लिन नचाहने व्यक्तिले सम्बन्धित वडा कार्यालयमा जानकारी गराउनु पर्नेछ । सम्बन्धित स्थानीय तहले सोको अभिलेख राखी त्यस्तो व्यक्तिलाई सम्मान गर्नु पर्नेछ ।

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ बमोजिम सुविधा पाउन योग्य नागरिकहरूले अनिवार्य रूपमा सम्बन्धित पालिकाको वडा कार्यालयमा गई सामाजिक सुरक्षा भत्तामा समावेश भएका लाभग्राहीले प्रत्येक वर्षको श्रावण १ गतेदेखि कार्तिक मसान्तभित्र नागरिकताको प्रमाणपत्रको फोटोकपी सहित निवेदन दिनुपर्ने छ ।

## ध) सामाजिक सुरक्षाको भत्ता पाइरहेका लाभग्राहीको नाम सम्बन्धित पालिकाबाट देहायको अवस्थामा कट्टा हुन्छः

- लाभग्राहीको मृत्यु भएमा
- बसाइँ सरी अन्यत्र गएमा
- दोहोरो दर्ता कायम भएमा
- स्वेच्छिक रूपमा सुरक्षा भत्ता नलिन चाहेमा
- बाल पोषण भत्ताको हकमा बालबालिकाको उमेर ५ वर्ष अर्थात ६० महिना पूरा भएमा
- एकल वा विधवा महिलाले विवाह गरेमा
- झुठा विवरण पेश गरी भत्ता पाइरहेको पत्ता लागेमा
- दर्ता नवीकरण नगरेमा
- सरकारी वा सरकारको पूर्ण वा आंशिक सहयोग रहेको सघं-संस्थाबाट मासिक रूपमा निवृतिभरण वा लाभ लिएमा यी उपर्युक्त अवस्थाहरूमा सामाजिक सुरक्षा कट्टा हुन्छ ।

## ङ) सामाजिक सुरक्षा भत्ता वितरण व्यवस्था

सम्बन्धित पालिकाबाट तोकिएको सामाजिक सुरक्षा भत्ता तोकिएका लाभग्राहीलाई वितरण हुन्छ । अन्य व्यक्ति वा झुठो व्यक्तिलाई यस्तो भत्ता प्रदान गरेको पाइएमा भत्ता लिने र दिने दुवैलाई कानून बमोजिम कारवाही हुन्छ । यो रकम त्रैमासिक (प्रत्येक ३ महिना) रुपमा वितरण हुन्छ । प्रत्येक वर्षको श्रावणदेखि भाद्र मसान्तसम्म अनिवार्य रूपमा आफ्नो वडामा गई नवीकरण गनुपर्छ ।

सबै नगरपालिका तथा गाउँपालिकामा बैङ्क खाता खोली सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने व्यवस्था रहेको छ ।

## च) दोहोरो सामाजिक सुरक्षा नपाउने

- कुनै नागरिकले १ भन्दा बढी प्रकारको सामाजिक सुरक्षा भत्ता पाउने रहेछ भने पनि निजले रोजेको कुनै १ मात्र सामाजिक सुरक्षा भत्ता पाउनेछ ।

- कुनै नागरिकले यस ऐन र प्रचलित कानून बमोजिम एकै प्रकारको सुविधा पाउने रहेछ भने निजले रोजे बमोजिम कुनै १ सुविधा मात्र लिन पाउनेछ ।
- बालबालिकाको हकमा अन्य किसिमको भत्ता पाएको भए तापनि बाल पोषण भत्ता प्राप्त गर्न सक्नेछ ।

## छ) सामाजिक सुरक्षा भत्ता नपाउने:

देहाय बमोजिमको व्यक्तिले यस ऐन बमोजिमको सामाजिक सुरक्षा भत्ता पाउने छैन:

- कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित भई बहाल रहेको व्यक्ति,
- सरकारी कोषबाट नियमित रुपले पारिश्रमिक, निवृत्तिभरण, अवकाश सुविधा वा अन्य सुविधा पाइरहेका व्यक्ति,
- अन्य कुनै प्रकारले नियमित रूपले पारिश्रमिक, निवृत्तिभरण, अवकास सुविधा एवम् अन्य सुविधा पाइरहेको व्यक्ति ।

## ७. कसूर र सजायँ:

कसैले देहायको कार्य गरेमा सामाजिक सुरक्षा ऐन, २०७५ बमोजिम कसूर गरेको मानिनेछ र प्रचलित कानून बमोजिम जरिवाना तथा सजायँ हुन्छ:

(क) विवरण ढाँटी सामाजिक सुरक्षा भत्ता लिएमा,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत सामाजिक सुरक्षा भत्ता लिएमा,

(ग) कुनै व्यक्तिले प्राप्त गरेको सामाजिक सुरक्षा भत्ता निजको संरक्षक, माथवर वा स्याहार गर्ने व्यक्ति वा अन्य व्यक्तिले दुरुपयोग गरेमा वा निजको हित विपरीत प्रयोग गरेमा,

(घ) सामाजिक सुरक्षा भत्ता वितरण गर्ने अधिकारीले सामाजिक सुरक्षा भत्ताको दुरुपयोग गरेमा,

(ङ) गलत विवरण पेश गरेमा वा गलत सिफारिस गरेमा ।

## क) उजूर गर्न सक्ने:

सामाजिक सुरक्षा ऐन अन्तर्गतको कसूरमा जुनसुकै व्यक्तिले सम्बन्धित स्थानीय तहको न्यायिक समितिमा उजूर गर्न सक्नेछ ।

## ख) मुद्दा हेर्ने र पुनरावेदन गर्ने:

सामाजिक सुरक्षा ऐन अन्तर्गत माथि उल्लेख गरिएको कसूर गरेमा माथिको खण्ड (घ) बाहेकको अन्य मुद्दाको कारबाही र किनारा सम्बन्धित स्थानीय तहको न्यायिक समितिले गर्नेछ । न्यायिक समितिले यस्ता मुद्दा दर्ता भएको मितिले १२० दिनभित्र कारबाही र किनारा लगाउने गर्दछ । माथिको खण्ड (घ) बमोजिमको कसूरसम्बन्धी उजूर परेमा त्यस्तो उजूरीको आवश्यक कारबाहीको लागि न्यायिक समितिले सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

न्यायिक समितिले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले ३५ दिनभित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## ८. नेपालको संविधान अनुसार सामाजिक सुरक्षा सम्बन्धमा तहगत सरकारको भूमिका

| अधिकारको सूची | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| एकल अधिकारका सूची | सामाजिक सुरक्षा र गरिबी निवारण (अनुसूची-५ को ३२) | | ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन (अनुसूची-८ को १६) |
| साझा अधिकार सूची | सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक विवादको समाधान, श्रमिकका हक, अधिकार र विवाद सम्बन्धी कार्य (अनुसूची-७ को ११) | | |
| | सामाजिक सुरक्षा र गरिबी निवारण (अनुसूची-९ को १०) | | |
| कार्य विस्तृतीकरण प्रतिवेदन | | | |
| एकल तथा साझा अधिकार सूचीको बाँडफाँड र विस्तृतीकरण | सामाजिक सुरक्षा सम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड र नियमन । श्रमिक एवम् श्रमिकको सामाजिक सुरक्षा सम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड र नियमन । सामाजिक सरक्षा कोष सम्बन्धी नीति, कानुन, कोष सञ्चालन तथा नियमन । छात्रवृत्ति र विद्वतवृत्ति सम्बन्धी राष्ट्रिय मापदण्ड निर्धारण । | प्रदेश विकास नीति, अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कन । प्रदेशभित्र सामाजिक सुरक्षा तथा रोजगारी सम्बन्धी नीति, योजना, कार्यक्रम, मापदण्ड निर्धारण र स्थानीय सरकारको समन्वयमा कार्यान्वयन । श्रमिक एवम् श्रमिकको सामाजिक सुरक्षा सम्बन्धी | सामाजिक सुरक्षा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड र नियमन । स्थानीय सरकारले तर्जुमा गरी लागू गरेका नीति, कानून मापदण्ड, निर्णय कार्यान्वयन । सङ्घ र प्रदेशद्वारा निर्धारण गरिएका मापदण्ड बमोजिम स्थानीय स्तरमा सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन । सामाजिक सुरक्षा |

| अधिकारको सूची | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| कार्य विस्तृतीकरण प्रतिवेदन | | | |
| एकल तथा साझा अधिकार सूचीको बाँडफाँड र विस्तृतीकरण | स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन । | प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन ।<br>राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन ।<br>उच्च शिक्षाको छात्रवृत्ति व्यवस्थापन<br>सामाजिक सुरक्षा कोष व्यवस्थापन र नियमन ।<br>पहिचान भएका गरिब घरपरिवारका लागि सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी व्यवस्थापन | सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन ।<br>पहिचान भएका एवम् लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन<br>स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रम व्यवस्थापन ।<br>विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन । |

## ९. सामाजिक सुरक्षासम्बन्धी प्रमुख चुनौती र सवालहरू:

• सामाजिक संरक्षणको अवधारणा, आवश्यकता र महत्वको बारेमा साझा धारणा बनाउनु, योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा सबैलाई आवद्ध गर्नु,

• सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी योजनालाई वित्तीय रूपमा दिगो बनाउनु,

• सामाजिक सुरक्षालाई आर्थिक सामाजिक विकासका अन्य क्षेत्रका नीति तथा कार्यक्रमसँग आवद्ध गर्नु.

• जोखिममा रहेका वर्ग र समुदायको पहिचान गरी सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमहरूमा उनीहरूको पहुँच सुनिश्चित गर्नु,

• सामाजिक सुरक्षा र सरंक्षणमा संगठित निजी क्षेत्र र अनौपचारिक क्षेत्रबाट ठूलो दायित्व बहन गराउनु र

• ठूलो राजनीतिक महत्त्वाकांक्षा, राज्यको असीमित दायित्व र सानो वित्तीय क्षमता बीच सन्तुलन कायम गरी सामाजिक सुरक्षा योजना र कार्यक्रमलाई स्वचालित, योगदानमूलक, दिगो तथा उत्पादनमूलक बनाउनु ।

## नेपाल सरकारले सञ्चालन गर्दै आएका सामाजिक संरक्षण कार्यक्रम अन्तर्गतका केही प्रमुख सेवासुविधाहहरू:

### १. छात्रवृत्ति तथा नगद सुविधा

• "सामुदायिक विद्यालयमा कक्षा ६-१० का विपन्न विद्यार्थीका लागि वार्षिक १८ हजार र विज्ञान विषय अध्ययन गर्नेका लागि वार्षिक २४ हजार रुपैयाँ अनुदान दिएको छ ।

• दुर्गम तथा अन्य क्षेत्रका सामुदायिक विद्यालयमा अध्ययनरत २२ वटा सूचीकृत जाति र सीमान्तकृत वर्गका गैरआवासीय विद्यार्थीका लागि सरकारले प्रतिविद्यार्थी वार्षिक एक हजारदेखि तीन हजार पाँच सय रुपैयाँसम्म छात्रवृत्ति प्रदान गरेको छ । गैरआवासीय छात्रवृत्तिअन्तर्गत देशभरका १५ लाख ५० हजार विद्यार्थीले छात्रवृत्ति पाउनेछन् ।

• "शैक्षिक दृष्टिले पछि परेका समुदाय, अति विकट हिमाली जिल्लाका विद्यार्थीलगायत सातवटा लक्षित समूहका ११ हजार चार सय विद्यार्थीका लागि मासिक पाँच हजारका दरले आवासीय छात्रवृत्ति प्रदान गरिएको छ,"

• सेवा निवृत्त कर्मचारीहरूका लागि निवृत्तिभरण तथा अनुदान सुविधा उपलब्ध छ ।

• कर्मचारीका लागि स्वास्थ्य सुविधा, सञ्चय कोष लगायतका सुविधा उपलब्ध छ ।

• संस्थामा सुत्केरी गराउनेलाई हिमाली भेकमा रु. ३,०००, पहाडी भेकमा रु. २,००० र तराई भेगमा रु. १,००० प्रोत्साहन भत्ता उपलब्ध छ ।

• बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत कर्णाली क्षेत्र र देशभरका दलित परिवारमा शिशु जन्मेको ३५ दिनभित्र जन्मदर्ता गरेमा रु. १,००० भत्ता उपलब्ध हुन्छ ।

• शहिदका परिवारलाई जीवनयापन र १८ वर्ष सम्मका ३ जना सम्मका बालबालिकालाई अध्ययन खर्च प्रदान गर्ने व्यवस्था छ ।

• प्राकृतिक प्रकोप राहत - नगद तथा सरसामान सहयोग उपलब्ध गराउने व्यवस्था छ ।

• द्वन्द पीडित तथा घाइतेका लागि एकमुष्ठ आर्थिक सहयोग प्रदान गरिएको छ ।

### २. जिन्सी हस्तान्तरण र जीवनयापन कार्यक्रम

• खाद्यान्न अभाव हुने जिल्लाहरूमा सुपथ मूल्यमा सामान उपलब्ध गराउने व्यवस्था छ ।

• विद्यालय खाजा र पोषण कार्यक्रम सञ्चालनमा रहेको छ ।

• सुपथ मूल्यमा आयोडिनयुक्त नुन आपुर्ति गर्ने गरिएको छ ।

• दलित, गरिब र कमैया परिवारका लागि पशुपालन लगायत आयमूलक कार्यक्रम उपलब्ध छ ।

• तराईका ५ जिल्लाहरूमा कमैया र हलिया सहयोग तथा पुनर्स्थापना कार्यक्रम सञ्चालनमा छ ।

• सामुदायिक र कबुलीयत वन कार्यक्रम प्रभावकारी रूपमा चलिरहेको छ ।

• लोपोन्मुख, सीमान्तकृत, जनजाति, चेपाङ्ग, दलित, सीमान्तकृत मधेशी, मुस्लिम लगायत अन्य लक्षित कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।

## ३. सेवासुविधामा पहुँच

• नि:शुल्क विद्यालय शिक्षाको व्यवस्था गरिएको छ ।

• उच्च शिक्षाका लागि छात्रवृत्ति प्रदान गर्ने गरिएको छ ।

• नि:शुल्क स्वास्थ्य सेवा सुविधा - उपस्वास्थ्य चौकी, स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य उपचार केन्द्रमा निश्चित औषधी र सेवाका साथै जिल्ला अस्पतालमा निश्चित व्यक्ति वा समूहलाई नि:शुल्क स्वास्थ्य सेवा तथा अन्य सरकारी अस्पतालहरूमा निश्चित गरिब तथा अन्य बिरामीका लागि नि:शुल्क वा सहुलियत दरमा सेवा सुविधा, एवम् भिटामिन 'ए' र विविध खोप सेवाहरू उपलब्ध गरिएको छ ।

• अति गरिब र लोपोन्मुख परिवारका लागि आवास कार्यक्रम सञ्चालनमा रहेको छ ।

## ४. सामाजिक बिमा

कुनै पनि सेवा तथा संस्थामा कार्य गरेका कर्मचारीहरूले पाउने पेन्सन, उपदान, सञ्चय कोष तथा सामाजिक सुरक्षा कोष लगायतका सेवासुविधाबाहेक, सामाजिक बिमा अन्तर्गत बाली र पशु बिमा कार्यक्रम सुरु गरिएको छ ।

## ५. अन्य

• युवा स्वरोजगार तथा रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।

• कर्णाली रोजगार कार्यक्रम - उक्त क्षेत्रमा सञ्चालन गरिने निर्माण कार्यमा कम्तिमा १०० दिनको वार्षिक रोजगारको व्यवस्था गरिने गरिएको छ ।

• गरिबी निवारण कोष - खासगरी गरीब र सीमान्तकृत व्यक्ति तथा समूहका लागि तालिम, आयमूलक कार्यक्रम सञ्चालनमा रहेको छ ।

• गरीब, दलित तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि प्राविधिक शिक्षा र व्यावसायिक तालिम प्रदान गर्ने गरिएको छ ।

व्यक्ति वा समूहलाई कृषि व्यवसाय, पशु तथा पंक्षी पालन लगायतका आयमूलक व्यवसाय गर्नका लागि सरकारी संयन्त्रबाट नगद सहयोग तथा छुटको व्यवस्था रहेको छ ।

नेपाल सरकारले प्रदान गर्ने सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत प्रदान गरिने सामाजिक सुरक्षालाई व्यवस्थित, पारदर्शी, जवाफदेही, उत्तरदायी र पाउने पर्ने व्यक्तिले सहज रूपमा लिने कार्यमा हामी सबैले सहयोग, समन्वय र सहजीकरण गरौं ।

# सन्दर्भ सामग्रीहरू

## राष्ट्रिय कानूनी दस्तावेजहरू:


• नेपालको संविधान

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४,

• सोह्रौं पञ्चवर्षीय योजना, राष्ट्रिय योजना आयोग (२०८१/०८२ - २०८५/०८६)

• अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५

• समाज कल्याण ऐन, २०४९

• ट्रेड युनियन ऐन, २०४९

• वैदेशिक रोजगार ऐन, २०६४

• योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४

• श्रम ऐन, २०७४

• योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५

• रोजगारीको हकसम्बन्धी ऐन, २०७५

• बालबालिका सम्बन्धी ऐन, २०७५

• अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५

• सामाजिक सुरक्षा ऐन, २०७५

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

• एकीकृत सामाजिक सुरक्षा संरचना, २०८०

• विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१

• Department of National Id and Civil Registration Website

• गृह मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सामाजिक सुरक्षा कोषका वयवसाइटहरू

• सामाजिक सुरक्षा नागरिक समाज सञ्जालका प्रकाशनहरू

• नेपमालमा सामाजिक सुरक्षा: जानकारी पुस्तिका, शान्तिका लागि साझा अभियान (कोक्याप

# अनुसुचि १.

## सामाजिक सुरक्षासम्बन्धी सोधिने प्रश्न र उत्तरहरू

### प्रश्न नं. १. सामाजिक सुरक्षा कार्यक्रम भनेको के हो ?

निश्चित उमेर समूहका ज्येष्ठ नागरिक, एकल महिला, आर्थिक रुपले विपन्न, अशक्त र असहाय, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको जीवनयापनमा आइपर्ने सम्भावित जोखिम न्यूनीकरण गर्न तथा उपभोगमा सहयोग पुर्याउने उद्देश्यले नेपाल सरकारबाट सञ्चालित गैर योगदानमुलक कार्यक्रम नै सामाजिक सुरक्षा कार्यक्रम हो ।

### प्रश्न नं. २. सामाजिक सुरक्षा कार्यक्रममा योग्य लाभग्राहीहरू को को हुन्छन् र भत्ता दर कति छ ? यसका लागि पेज नः१४ हेर्नुहोला

### प्रश्न नं. ३. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न कहिले र कसरी निवेदन दिनुपर्छ ?

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीले जुनसुकै समयमा आफ्नो स्थायी बसोबास भएको वडा कार्यालयमा उपस्थित भई सामाजिक सुरक्षा (पहिलो संशोधन) ऐन, २०७९ को अनुसूची १ बमोजिमको तोकिएको ढाँचामा निवेदन दिनुपर्छ।यसरी निवेदन दिएका योग्य लाभग्राहीले निवेदन दिई निवेदक उपर छानविन भई प्रणालिमा प्रविष्ट भएको अर्को महिनाबाट भत्ता प्राप्त गर्न सक्दछन् ।

## प्रश्न नं. ४. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न के-के कागजात पेश गर्नुपर्छ ?

| खलाभग्राहीको प्रकार | कागजपत्र |
|---|---|
| ज्येष्ठ नागरिक<br>(६८ वर्ष उमेर पुगेका) | नेपाली नागरिकता प्रमाणपत्र<br>तोकिएको ढाँचामा निवेदन |
| ज्येष्ठ नागरिक दलित र क्षेत्र तोकिएका (६० वर्ष उमेर पुगेका) | नेपाली नागरिकता प्रमाणपत्र<br>तोकिएको ढाँचामा निवेदन |
| एकल महिला | नेपाली नागरिकताको प्रमाणपत्र<br>न्यायिक पृथकीकरण भएको कागजात<br>सम्बन्ध विच्छेद भएको हकमा सोको प्रमाणपत्र<br>विवाह नगरेका महिलाको हकमा स्थानीय तहको सिफारिस |
| विधवा | नेपाली नागरिकता प्रमाणपत्र<br>पतिको मृत्यु दर्ताको प्रमाणपत्र |
| पूर्ण अपाङ्गता भएका | स्थानीय तहबाट जारी “क” वर्गको अपाङ्गता परिचयपत्र (रातो कार्ड)<br>१६ वर्ष उमेर पुगेको हकमा नेपाली नागरिकताको प्रमाणपत्र<br>नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्र |
| अति अशक्त अपाङ्ग | स्थानीय तहबाट जारी “ख” वर्गको अपाङ्ग परिचयपत्र (निलो कार्ड)<br>१६ वर्ष उमेर पुगेको हकमा नेपाली नागरिकताको प्रमाणपत्र<br>नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्र |
| लोपोन्मुख जाति | नेपाली नागरिकता प्रमाणपत्र<br>सामाजिक सुरक्षा ऐन, २०७५ को अनुसूची १ मा व्यवस्था भए अनुसारको जातजाति |
| बालपोषण भत्ता | जन्मदर्ताको प्रमाणपत्र<br>बाबु वा आमाको नागरिकता प्रमाणपत्र<br>बाबु वा आमा नभएमा संरक्षक वा स्याहार सुसार गर्ने व्यक्तिको नागरिकता |

## प्रश्न नं. ५.सामाजिक सुरक्षा भत्ता वितरणमा वडा कार्यालयले के के गर्नुपर्छ ?

- निवेदन लिने र दर्ता गर्ने ।
- निवेदकको आवश्यक कागजात रुजु गर्ने ।
- प्रणालीमा नाम प्रविष्टी गर्ने ।
- लगत कट्टा गर्ने ।
- लाभग्राहीको गुनासो सम्बोधन गर्ने ।
- भत्ता वितरण अर्थात खातामा गए पश्चात नाम सार्वजनिक गर्नुपर्ने ।

## प्रश्न नं. ६. बैंक खाता खोल्न व्यक्ति उपस्थित हुनुपर्छ कि पर्दैन ?

स्थानीय तहले योग्य लाभग्राहीको सूची अनलाईन प्रणालीमार्फत सम्बन्धित बैंकमा पठाएपछि उक्त बैंले शून्य मौज्दातमा खाता खोली रकम जम्मा गर्छ । तर लाभग्राहीले पहिलो पटक भुक्तानी लिन जाँदा नागरिकता प्रमाण पत्र, फोटो लगायतका प्रमाण लिई स्वयं उपस्थित भई आफ्नो बैंक खाता सक्रिय गराउनुपर्छ ।

## प्रश्न नं. ७. बैंक खातामा जम्मा भएको सामाजिक सुरक्षा भत्ता रकम तत्काल निकाल्नु पर्छ ?

लाभग्राहीले आफ्नो बैंक खातामा जम्मा भएको सामाजिक सुरक्षा भत्ता रकम आफ्नो अनुकूल समयमा निकाल्न सक्दछन् । बैंक खातामा जम्मा भएको रकममा अन्य बचत खाता सरह ब्याज समेत प्राप्त हुन्छ। एक आर्थिक वर्षमा एकपटक पनि कारोबार नभएमा सम्बन्धित स्थानीय तह र बैंकले खातावालाको अवस्था यकिन गर्नुपर्ने हुन्छ ।

## प्रश्न नं. ८. बैंकमा जम्मा भएको रकम जुन बैंकमा खाता छ त्यहिबाट मात्र झिक्न मिल्छ कि अरू शाखाबाट पनि झिक्न मिल्छ ?

बैंकमा जम्मा भएको सामाजिक सुरक्षा भत्ता अन्य बचत जस्तै चेक बुक तथा एटिएम मार्फत बैंकको जुनसुकै शाखाबाट झिक्न सकिन्छ ।

## प्रश्न नं. ९. सामाजिक सुरक्षा भत्ता लाभग्राहीका लागि बैंकबाट के-कस्ता सुविधा प्राप्त हुन्छ ?

लाभग्राहीको खाता रहेको बैंकले सम्बन्धित खातावालालाई नियमानुसार चेक, एटिएम, मोबाइल बैंकिङ्ग तथा एसएमएस बैंकिङ्ग सुविधा प्रदान गर्छ ।

## प्रश्न नं. १०. पूर्ण अपाङ्गता तथा ९० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकले बैंक खाता मार्फत कसरी सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न सक्छन् ?

९० वर्ष माथिका ज्येष्ठ नागरिक, पूर्ण अपाङ्ग भएका व्यक्ति, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने लाभग्राहीको हकमा संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्ने व्यवस्था छ। लाभग्राहीको अनुरोधमा संरक्षकको संयुक्त दस्तखतबाट संयुक्त खाता सञ्चालन गर्न र सो पनि सम्भव नभएका लाभग्राहीको हकमा संरक्षकको दस्तखतबाट मात्र पनि खाता सञ्चालन गरी भत्ता प्राप्त गर्न सकिन्छ ।

## प्रश्न नं. ११. लाभग्राहीको खातामा रकम जम्मा गरेपश्चात बाँकी भएको रकम नेपाल सरकारलाई फिर्ता गर्दा सम्बन्धित बैंकले ब्याज सहित फिर्ता गर्नुपर्छ कि पर्दैन ?

बैकले लाभग्राहीको खातामा रकम जम्मा गरेपश्चात् बाँकी भएको रकम व्याज सहित नेपाल सरकारको सञ्चित कोषमा फिर्ता गर्नुपर्छ ।

## प्रश्न नं. १२. सामाजिक सुरक्षा भत्ता वितरण बारे स्थानीय तह र बैंक शाखाबीच समन्वय तथा सहजीकरण गर्नु परेमा कसरी गर्न सकिन्छ ?

सामाजिक सुरक्षा भत्ता वितरणका लागि स्थानीय तह बैंकिङ्ग समस्या तथा समाधान समिति मार्फत सहजीकरण गर्न सकिन्छ । उक्त निकायबाट पनि समाधान हुन नसकेमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट सहजीकरण हुन्छ ।

## प्रश्न नं. १३. Forward Feed and Reverse Feed भनेको के हो ?

स्थानीय तहले तयार गरेको भत्ता प्राप्त गर्ने लाभग्राहीको सूचि Forward Feed हो । उक्त सूचिको आधारमा बैंकले सम्बन्धित व्यक्तिका नाममा जम्मा गरेको बैंक खाता सहितको सूचि Reverse Feed हो ।

## प्रश्न नं १४. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न उमेरको गणना कसरी गर्ने ?

बालबालिकाको हकमा जन्म दर्ता प्रमाणपत्र र अन्य योग्य लाभग्राहीको हकमा नागरिकता प्रमाणपत्रमा उल्लेखित उमेरलाई आधार मानिन्छ। नागरिकता प्रमाणपत्रमा जन्मिएको साल र महिना खुलेको तर गते नखुलेको भएमा उल्लेखित महिनाको मसान्त र साल मात्र उल्लेख भएको हकमा नागरिकता जारी मितिलाई आधार मानिन्छ ।

## प्रश्न नं. १५. ४० वर्ष उमेर पुगेका एकल महिलाले भत्ता पाउँछन् ?

सामाजिक सुरक्षा (पहिलो संसोधन) ऐन, २०७९ अनुसार असहाय एकल महिला भत्ताको व्यवस्था गरेको छ । जसमा विधवा, नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेकोभन्दा न्यून आय भएका र पालन पोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएका वा त्यस्तो सदस्य भए पनि आर्थिक रुपले विपन्न अवस्थामा रहेका वा त्यस्तो सदस्यले पालन पोषण नगरेका अन्य एकल महिलाले मात्र यस्तो भत्ता पाउछन् । तर यो सूचना नेपाल राजपत्रमा प्रकाशन हुनुपर्ने व्यवस्था छ। हाल उक्त सूचना प्रकाशन नभएकोले ४० वर्ष उमेर पुगेका एकल महिलाले भत्ता पाउने अवस्था छैन ।

## प्रश्न नं. १६. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीले सामाजिक सुरक्षा भत्ताको परिचयपत्र कहिलेसम्म नवीकरण गराईसक्नुपर्छ ?

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीले प्रत्येक आर्थिक वर्षको श्रावण र भाद्र महिना मसान्त भित्रमा सम्बन्धित वडा कार्यालयमा आफैँ उपस्थिति भई आफ्नो परिचयपत्र नवीकरण गर्नुपर्दछ ।

## प्रश्न नं. १७. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीले आफ्नो नाम/परिचयपत्र तोकिएको समयमा नवीकरण गर्न छुटेमा के गर्नुपर्छ ?

नवीकरण गर्न छुटेका लाभग्राहीले पून: सम्बन्धित वडा कार्यालयमा गई नयाँ लाभग्राही सरह नाम दर्ता गराउनुपर्छ । यसरी प्राप्त निवेदनका आधारमा विभागको अनलाईन प्रणालीमा प्रविष्ट गरेपछि अर्को महिनाबाट भत्ता प्राप्त गर्न सकिन्छ । तोकिएको अवधिमा नवीकरण नभएमा उक्त अवधिको सामाजिक सुरक्षा भत्ता प्राप्त हुँदैन ।

## प्रश्न नं. १८. एक व्यक्तिले एक भन्दा बढी लक्षित समूहबाट भत्ता प्राप्त गर्न मिल्छ वा मिल्दैन ?

एक भन्दा बढी लक्षित समूहमा योग्य हुने लाभग्राहीले निजले रोजेको कुनै एक समूहबाट मात्र भत्ता प्राप्त गर्न सक्छन् । दोहोरो सामाजिक सुरक्षा भत्ता प्राप्त वा उपलव्ध गराउन मिल्दैन ।

## प्रश्न नं. १९. कुनै व्यक्तिले दोहोरो सामाजिक सुरक्षा भत्ता बुझेमा के कारवाही हुन्छ ?

कुनै व्यक्तिले दोहोरो भत्ता बुझेमा त्यस्ता व्यक्तिको नाम अभिलेखबाट तत्काल हटाई प्रचलित कानून बमोजिम कारवाही गरी बुझेको भत्ता रकम सरकारी बाँकी सरह असुल उपर गरी विगो बमोजिम जरिवाना समेत हुन्छ ।

## प्रश्न नं. २०. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न स्थायी बसोबास भन्दा अन्यत्र नाम दर्ता गर्न मिल्छ कि मिल्दैन ?

योग्य लाभग्राहीले स्थायी बसोबास गरेको वडा कार्यालयमा मात्र नाम दर्ता गराउन मिल्छ ।

## प्रश्न नं. २१. भत्ता प्राप्त गर्ने व्यक्ति बसाइँ सराइ गरी गएमा के हुन्छ ?

लाभग्राहीले बसाईसराई गरेपछि अब बसोबास गर्ने स्थानीय तहको वडा कार्यालयमा बसाईसराई प्रमाणपत्र तथा भत्ता प्राप्त गरेको विवरण तथा लगत कट्टाको विवरण उपलब्ध गराउनु पर्दछ। सोही को आधारमा सरी जाने ठाँउबाट नियमित भत्ता प्राप्त हुन्छ ।

## प्रश्न नं. २२. सामाजिक सुरक्षा भत्ताको लाभग्राही सूचीबाट कुनकुन अवस्थामा लगत कट्टा हुन्छ ?

- लाभग्राहीको मृत्यु भएमा,
- बालबालिकाको हकमा ५ वर्ष उमेर पूरा भएमा,
- बसाइँ सराइ गरेमा,
- एकल वा विधवा महिलाले विवाह गरेमा, दोहोरो दर्ता कायम भएमा,
- कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्त, निर्वाचित वा मनोनित भई बहाल रहेको व्यक्ति, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको वा आंशिक स्वामित्व भएको संगठित संस्थाबाट नियमित रुपले पारिश्रमिक, निवृत्तिभरण, अवकाश सुविधा वा अन्य सुविधा पाइरहेको भएमा
- परिचयपत्र नवीकरण नगरेमा,
- सामाजिक सुरक्षा भत्ता स्वेच्छाले त्याग गर्न चाहेमा ।

## प्रश्न नं. २३. सामाजिक सुरक्षा भत्ता स्वेच्छाले लिन नचाहेमा के हुन्छ ?

योग्य लाभग्राहीले सामाजिक सुरक्षा भत्ता त्याग गर्न चाहेमा सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुपर्नेछ । तत्पश्चात वडा कार्यालयले निजलाई लाभग्राहीको सूचिबाट लगत कट्टा गरी सो को विवरण सम्बन्धित स्थानीय तहमा जानकारी दिने र स्थानीय तहले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा जानकारी गराउनु पर्ने हुन्छ । स्थानीय तह/पालिका र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले त्यस्ता व्यक्तिलाई सम्मान गरी प्रमाणपत्र उपलब्ध गराउछ ।

## प्रश्न नं. २४. एकल महिला तथा विधवा महिलाले विवाह गरेको जानकारी प्राप्त भएको तर विवाह दर्ता नभएको अवस्थामा लगत कट्टा गर्न मिल्छ कि मिल्दैन ?

स्थानीय जनप्रतिनिधि, कर्मचारी तथा अन्य कुनै विश्वसनीय स्रोतबाट विधवा महिलाले विवाह गरेको जानकारी प्राप्त भएमा सर्जमिन मुचुल्का वा विवाह गरी गएको सम्बन्धित स्थानीय तहको जानकारी पत्र लगायतबाट विवरण यकिन गरी विवाह गरेको पुष्ट्याई भएमा लगतकट्टा गर्नुपर्दछ ।

## प्रश्न नं. २५. गैरदलितसँग मिल्दो थर भएका दलित जातिका लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता दिन मिल्छ ?

दलित जाति अन्तर्गत प्रदान गरिने सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुको सूचीकरण गर्दा राष्ट्रिय दलित आयोगले प्रकाशन गरेको जातीय अनुसूची बमोजिमको जाति तथा थर अनुसार गर्नुपर्छ।उक्त अनुसूचीमा उल्लिखित थर बाहेक अन्य थर उल्लेख भएका दलित जातिका व्यक्तिहरुको हकमा जिल्ला प्रशासन कार्यालयले गरेको सिफारिसको आधारमा हुनेछ ।

## प्रश्न नं. २६. लोपोन्मुख जाति र दलित जातिका महिलाले अन्य जातिसँग विवाह गरेमा सामाजिक सुरक्षा भत्ता प्रदान गर्न मिल्छ ?

नागरिकता प्रमाणपत्रमा सम्बन्धित जाति/थर उल्लेख भएमा सामाजिक सुरक्षा भत्ता दिन मिल्छ ।

## प्रश्न नं. २७. निवृत्तिभरण प्राप्त गर्ने व्यक्तिको मृत्यु भई निजको हकवालाको नाममा नामसारी हुँदा हकवालाले प्राप्त गरिरहेको सामाजिक सुरक्षा भत्ता के हुन्छ ?

यस्तो अवस्थामा निवृतभरण वा सामाजिक सुरक्षा मध्ये एक रोज्नुपर्ने हुन्छ । निवृतभरण रोजेमा निजले पाउने सामाजिक सुरक्षा भत्ता कट्टा हुन्छ ।

## प्रश्न नं. २८. नवीकरण गर्ने अवधिमा नवीकरण नहुँदै लाभग्राहीको मृत्यु भएमा निजको हकवालालाई सामाजिक सुरक्षा भत्ता भुक्तानी दिन मिल्छ कि मिल्दैन ?

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको लाभग्राही सूचीबाट लगत कट्टा गरी  खातामा बाँकी रहेको रकम खाता बन्द गराई नेपाल सरकारको सञ्चित कोषमा दाखिला/फिर्ता गर्नुपर्छ ।

## प्रश्न नं. २९. सामाजिक सुरक्षा भत्ता सम्बन्धी गुनासो कहाँ दर्ता गर्न सकिन्छ ?

सामाजिक सुरक्षा भत्ता सम्बन्धी गुनासो सम्बन्धित वडा कार्यालय वा स्थानीय तह वा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा वा अन्य सम्बन्धित सरकारी निकायमा गुनासो दर्ता गर्न सकिन्छ ।

## प्रश्न नं. ३०. सामाजिक सुरक्षा भत्ता सम्बन्धी कसूर तथा सजायको कारवाही किनारा कसले गर्छ ?

विवरण ढाँटी सामाजिक सुरक्षा भत्ता लिएमा, ऐन तथा नियम विपरीत सामाजिक सुरक्षा भत्ता लिएमा, संरक्षक माथवर तथा स्यहारसुसार गर्नेले भत्ता दुरुपयोग गारिदिएमा, गलत विववरण पेश गरेमा स्थानीय तहको न्यायिक समितिले कानून अनुसार कारवाही गर्छ।सामाजिक सुरक्षा भत्ता वितरण गर्ने अधिकारीले भत्ताको दुरुपयोग गरेमा प्रचलित कानून अनुसार कारवाही हुन्छ ।

स्रोत: *Department of National Id and Civil Registration Website*

# सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धी

## -हाते पुस्तिका-

# सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धी

## -हाते पुस्तिका-